श्री उम्र अकरमा चढाएको

अनुरोध पत्र

०८-६७९-०९-२८७ ०७९-WD-०४३

विषयः-विपक्षीहरुको नाममा उत्प्रेषणयुक्त परमादेशको आदेश लगायत उपयुक्त आज्ञा वा आदेश जारी गरी पाऊँ

'जिल्ला धनुषा चोरा कोयलपुर गाउँपालिका वडा नं ४ हाल ए शहिदनगर नगरपालिका वडा नम्बर २ कमलपुर घर भी श्रीकृष्ण सरकारी प्राथमिक विद्यालय कमलपुर–४ सामुदायिक विद्यालयलाई प्राथमिक विद्यालय अन्तर्गत परिणत गरिएको छ । तिमीले राहत पाएका छौ

अनुरोधकर्ता

अनुदान दरबन्दीमा कार्यरत शिक्षक रामचन्द्र राउत १

विरुद्ध

जिल्ला धनुषा शहिदनगर नगरपालिका वडा नम्बर २ श्रीकृष्ण अन्तर्गत पर्दछ

राष्ट्रिय प्राथमिक विद्यालय, कमलपुर धनुषा १

का प्रधानाध्यापक ए.

शहिदनगर नगरपालिकाको कार्यालय, धनुमा,

विपक्षी

एआई. प्रमुख..

AI का प्रमुख प्रशासनिक अधिकारी

मुद्दा :- उत्प्रेषणयुक्त परमादेश

'विपक्षीहरुले अन्याय गरेको हुँदा नेपालको संविधानको धारा १४४(१) (२) नं. नथा न्याय प्रशासन ऐन २०७३ को दफा ८ (१) बमोजिम निम्नदर्शित व्यहोराको निवेदन दायर गरेको छु ।

(१) सर्वप्रथम, म, आवेदक, मुद्दा नं. ०६२/६३ मा, तत्कालीन जिल्ला शिक्षा कार्यालय, धनुषाभात श्रीकृष्ण आर.पी. वी. धनुषालाई, जीवन राहत अनुदान कोटादरबन्दीमा विद्यालय व्यवस्थापन समितिको मिति २०६३/०५/०१ को

निर्णय अनुसार शिक्षक पदमा नियुक्ती पत्र प्राप्त गरी विद्यालयमा कामकाज गरी आई तत्काल प्रधानाध्यापकको भूमिकामा समेत रही कामकाज गरी गराई आएको क्रममा आ.व. ०६८/६९ मा धनुषा जिल्ला अन्तर्गतको राहत शिक्षकहरुको राहत कोटा दरबन्दी संख्या र नियुक्तिमा अन्यौल देखापरी-छानबिन हुने भएको कारण देखाई तत्काल रोक्का गरिएको तलब भत्ता छानबिनको कार्य सम्पन्न भएपश्चात् तत्कालीन जिल्ला शिक्षा कार्यालय,

धनुषाको मिति २०७२/०८/०१ को निर्णय अनुसार म निवेदकको नियुक्ति सदर गरिएको अवस्थामा निरन्तर तलब भत्ता प्राप्त गर्न नसकी वाध्य भई यसै सम्मानित अदालत समक्ष रि.नं. ०७५-WO-०२१० को परमादेश मुद्दा दायर गर्न पुग्दा सम्मानित अदालतबाट म निवेदकको हकमा कहिले देखि कहिले सम्म शिक्षकको रुपमा रहन सक्ने, कहिलेदेखि नरहने, कहिले सम्मको के कति तलब भत्ता पाउने, कहिले देखि नपाउने भन्ने समेतका विषयमा कानून बमोजिम स्पष्ट निकासा दिई निवेदक र विद्यालयलाई लिखित रुपमै जानकारी दिनु भनी परिवर्तितं जिल्ला शिक्षा विकास तथा समन्वय ईकाई, धनुषाको नाममा परमादेशको आदेश जारी हुने ठहरी मिति २०७६।०३।१० मा फैसला भई सो फैसला कार्यान्वयनतर्फ कारवाही हुँदा विपक्षी शहिदनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको च.नं. १२ मिति २०७७।०७।२३ को पत्रबाट फैसला अनुसारको तलब एकिन गरिएको रकम भुक्तानी पश्चात् निज शिक्षकको मेवा निरन्तरता तथा तलव भत्ता भुक्तानीका लागि जिल्ला शिक्षा बिकाम तथा समन्वय निकाय, धनुषाबाट निर्देशन माग

छ

हुँदा सो समन्वय ईकाइबाट शिक्षा विभाग सानोठिमी, भक्तपुरबाट कायम भएको कूल ४१२ राहत दरबन्दी भित्र परेकोले नियमानुसार तलब भत्ता भुक्तानीका लागि निर्देशन प्राप्त हुँदा हुँदै पनि विपक्षीहरुबाट फरक राजनीतिक विचारका कारण अनावश्यक दुःख दिने गरी कानूनी दायित्व पूरा नगरी म निवेदकसँग अन्यायपूर्ण व्यवहार गरिरहँदा आफु अन्यायमा पर्न गएकोले वाध्य भइ पुनः यसै सम्मानित अदालत समक्ष रि.न. ०७९-wo-०३२५ को परमादेश मुद्दा दायर गर्नु परेको अवस्थामा विगतको उल्लेखित रि.नं.०७५-wo-२१० को मुद्दा समेतको आलोकूमा म निवेदकको दरबन्दी3

एस

%

४१२ प्रा.शि.भित्र परेको भन्ने शिक्षा विकान तथा समन्वय ईकाइ धनुषाको च.न.१०२४ को मिति २०७६/०६/१६ को पच्चबाट देखिदा सो बमोजिम निवेदकको म्याद थप भइ निजले शिक्षकको रुपमा काम गरेको भएमा सो अवधिको नियमानुसार पाउने तलब भत्ता दिनु तथा सम्मानित अदालतको मिति २०७६/०३/१० को फैसला बमोजिम लिखित सूचना निवेदकलाई दिनु भनि विपक्षीहरुको नाउमा परमादेश जारि हुने ठहरी मिति २०८०/११/१५ मा भएको फैसला अन्तिम रहेको छ ।

(२) नेपालको संविधानको धारा १२६(२) बमोजिम मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय मवैले पालन गर्नु पर्ने अवस्था हुदाहुदै पनि विपक्षीहरुले हाल सम्म तलब भना नदिई सम्मानित अदालतको मिति २०८०/११/१५ कुने फैसला अवज्ञा गर्दै राजनीतिक प्रतिसोधका सिकार बनाइ अन्याय गरेको हुदा सम्मानित अदालतको आदेशलाई अवज्ञा गरेकोमा अदालतको अवहेलना तर्फ आजै छुट्टै मुद्दा दायर गरेको छु।

(३) यसका अलावा सम्मानित अदालतको मिति २०८०/११/१५ को फैसला बमोजिम उपरान्त कदाचित म निवेदक शिक्षक पदमा रहन नपाउने अवस्था भए शिक्षा ऐन, २०२८ को दफा १६७ (५) को देहायको उल्लेखित अवस्थाको रोहमा पदबाट हटाउन सक्ने अवस्था हुन्छ । सो आधार र कारण तर्फ हालसम्म पदबाट हटाउने कुनै निर्णय नभएको परिप्रेक्षमा म निवेदक नियमित विद्यालयमा रुजु हाजिर भर कामकाज गर्दै आएकोमा एक्कामी विभागीय परिपत्र, सम्मानित अदालतको फैसला एवं संघीय शिक्षा ऐन, शिक्षा नियामावली प्रतिकुल मिति २०७१/०८/०४ गतेका दिन विपक्षी प्र.अ.ले शहिदनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयवाट तपाईलाई अवकाश गर्ने गरी निर्णय गरिएको हुदा अव उप्रान्त विद्यालयमा हाजिर हुन् नआउनु भनि म निवेदकलाई जानकारी गराउदा सो सम्बन्धि निर्णय वा पत्रको खोजि गर्दै गर्दा विपक्षीहरुले म निवेदक शिक्षकमा नरहने गरी

गरेको निर्णय वा पत्र ममेन दिन इन्कार गरेको कारण आफू अन्यायमा परी प्रस्तुत निवेदन दायर गर्न उपस्थित भएको3

(४) स्मरणीय रहोस्, नेपालको संविधानको धारा १६, १७ (२) को देहाय (च), १८, २७, ३३ र ४६ समेतले प्रत्याभूत गरेको मौलिक हक एवं कानूनी अधिकारमा गैरकानूनी ढंगले आघात पुर्याउने र सम्मानित अदालतको फैसला कार्यान्वयन नगर्ने दुषित भावना राखी कदाचित म निवेदकलाई शिक्षक पदमा नरहने गरी विपक्षीहरुबाट कुनै निर्णय वा पत्राचार भएको भए मो निर्णय वा पत्राचार अधिकारक्षेत्रको दुरुपयोग (Abuse of Jurisdiction) तथा प्राकृतिक न्यायको सिद्धान्त विपरीत (Violation of Principles of Natural Justice) एवं अधिकारक्षेत्रको स्वेच्छाचारी प्रयोग (Aribitary use of discretionary power) बाट भएको तथ्य सम्मनित अदालतको मिति २०८०/११/१५ को फैसला समेतको रोहमा म निवेदक मिति २०८१/०८/०४ मम्म नियमित रुजु हाजिर भइ कामकाज गर्दै आएकोबाट छर्लंग हुने हुदा विपक्षीहरु लगायत जे जो बुझ्नु पर्ने बुझी म निवेदकको हकमा शिक्षक पदमा नरहने गरी विपक्षिहरुबाट भएको कुनै निर्णय वा पत्राचार समेत उत्प्रेषणको आदेशले बदर गरी म निवेदकलाई विद्यालयमा राहत अनुदान कोटा दरवन्दी रहुन्जेल सम्म नियमित रुपमा कामकाज गर्न दिनु, गर्न लगाउनु तथा कामकाज वापतको नियमीत तलब भत्ता दिनु, दिन लगाउनु भनि विपक्षीहरुको नाममा परमादेश समेतको आदेश जारी गरी पाऊँ।

(५) यसर्थ, विपक्षीहरुले म निवेदकलाई पेशा रोजगारबाट वञ्चित तुल्याउने गरी सम्मानित अदालतको फैसला समेतलाई अवज्ञा गर्दै मलाई पटक-पटक मुद्दा दायर गर्नुपर्ने स्थितिको गैरन्यायीक अवस्था सृजना गरेको हुँदा म निवेदकको हकमा शिक्षक पदमा नरहने गरी विपक्षिहरुबाट भएको कुनै निर्णय वा पत्राचार समेत गैर कानूनी एवं अधिकारक्षेत्र विहिन रहेको तथ्य (Prima Facia) रुपमा स्थापित रही उत्प्रेषणको आदेशद्वारा बदर भागी नै देखिएकोले मुद्दाको अन्तिम सुनुवाई हुन समय लाग्ने हुँदा विपक्षीहरुद्वारा गरिएको गैरकानूनी निर्णय वा प्रत्राचारहरु तत्काल कार्यान्वयन हुन गएमा3

219

OX मो बाट म म निवेदकको मौलिक हकमा कुठाराष्ट्रात हुनुका साथै अपूरणीय क्षति

समेत पुग्न जाने भएको हुँदा निवेदकको हकमा शिक्षक पदमा नरहने गरी भएको कुनै निर्णय वा पत्राचार तत्काल कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम विपक्षीहरुको नाममा अन्तरिम आदेश समेत जारी गरी पाऊँ।

(६) प्रस्तुत निवेदन पत्र नेपालको संविधानको धारा १६, १७ (२) को देहाय (च), १८, २७, ३३ र ४६ तथा मुलुकी देवानी संहिता, २०७४ को दफा ७, ९, १७, २० (२) (ङ) एवं शिक्षा ऐन, २०२८ को दफा १६ङ (५) को देहाय र शिक्षा नियमावली, २०५९ को नियम १००, १०१ नं. समेतको अधिनमा दायर गरेको छु।

(७) यस विषयमा अन्य अदालतमा मुद्दा दायेर गरेको छैन।

(८) निवेदन वापत लाग्ने दस्तुर यसै साथ छ।

(९) प्रस्तुत मुद्दामा आफ्नो तर्फबाट अधिवक्ता विपिन कुमार झालाई कानून व्यवसायी मुकर्रर गरेको छु।

(१०) प्रमाण स्वरुप निम्न कागजात यसै साथ पेश गरेको छु।

(क) म निवेदिकाको नागरितों प्रमाण पत्रको फोटोकापी पाना..

(ख) ०७९-wo-०३२५ को परमादेश मुद्दाको मिति २०८०/११/१५ को फैसला समेतको फोटोकापी पाना.. 3

(११) यसमा लेखिएको व्यहोरा सत्य साँचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

रामचन्द्र राउत -१

इति संवत् २०८१ साल पौष ०७ औं दिन शुभ.../